"शिक्षा, सडक, सिंचाई र कृषि गोलन्जोरको पुर्वाधार ॥ तरकारी खेति,पशुपालन र पर्यटन विकास समृद्धिको मुल आधार"

# गोलन्जोर गाउँपालिका
# Golanjor Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive


☎ ०४७-६९२०२५, ०४७-६९११३२
ग्वाल्टार, सिन्धुली
Gwaltar, Sindhuli
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal


## सुरक्षित आप्रवासन (SAMI) कार्यक्रमको लागि कर्मचारी भर्ना सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०८१।०९।२४

यस गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१।०९।१९ गतेको बैठकको निर्णय अनुसार गोलन्जोर गाउँपालिका कार्यक्षेत्र रहने गरी सुरक्षित आप्रवासन (SAMI) कार्यक्रमको लागि मिति २०८१।०९।२३ गते बसेको यस कार्यालयको पदपुर्ति समिति बैठकको निर्णय बमोजिम सेवा करारमा तपशिलमा उल्लेखित पदमा कर्मचारी पदपुर्ती गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा यस कार्यालयको राजश्व शाखामा नियमानुसार राजश्व तिरेको रसिद सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. आवश्यक पदहरुको विवरण**

| क्र स | विज्ञापन नं | पद/तह | संख्या | आवश्यक शैक्षिक योग्यता | परिक्षाको किसिम | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०८१/०८२-६ | मनोसामाजिक परामर्शकर्ता | १ | १.मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेण्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्क/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तिर्ण गरेको ।<br>२. मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय तालिम केन्द्रको प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।<br>३. कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव (Word, Excel, Power point, Email Internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने । | लिखित र अन्तरवार्ता | १०००। |
| २ | ०८१/०८२-७ | रिटर्नी स्वयंसेवक | १ | १ न्युनतम SLC/SEE उत्तिर्ण गरेको ।<br>२ अनुभव तथा क्षमता: खाडीमुलुक वा मलेसियामा गई कम्तिमा १ वर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकालाई प्राथमिकता दिईनेछ । | लिखित र अन्तरवार्ता | ५००। |

**२. दरखास्त पेश गर्नुपर्ने अन्तिम मिति : सूचना प्रकाशित मितिले ७ दिन भित्र ।(दरखास्त पेश गर्नुपर्ने अन्तिम मितिमा शनिबार वा सार्वजनिक बिदाको दिन परेमा सो को लगतै कार्यालय खुलेको दिन)**

**३. शैक्षिक योग्यता र अनुभव :**

१. नेपाली नागरिक

२. न्युनतम योग्यता नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा नेपालको प्रचलित कानून बमोजिम न्युनतम शैक्षिक योग्यता सम्बन्धी उपाधि हासिल गरेको ।

३.२१ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको महिला र अपाङ्गको हकमा ४५ वर्ष ननाघेको ।

४. नेपालको प्रचलित कानून बमोजिम सम्बद्ध विषय र कार्यक्षेत्र तथा कार्य प्रकृति अनुसारको दर्ता हुनुपर्ने भनी तोकेको संस्थामा दर्ता भएको प्रमाण पत्र ।

५. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

६. पारिश्रमिक कार्यक्रमकोको नियमानुसार ।

**४. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु ।**

क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।

ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

ग) कार्य अनुभवको पुष्टि हुने कागजपत्र ।

०८१।०९।२४

संयोजक
पदपुर्ती समिति



CamScanner